०७८-५७५३९६, ०७८-५७५०१०
ईमेल: Devchulimunicipality@gmail.com

# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर,नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

२०७८ सालको दीपावली, ने.स.११४२, छठ पर्व समेतको उपलक्ष्यमा सुख-सम्बृद्धि, शु-स्वास्थ्य, दीर्घायुको कामना सहित देश विदेशमा रहनुहुने सवै नगरवासी महानुभाबहरुमा हार्दिक मंङ्गलमय शुभ-कामना व्यक्त गर्दछु ।

कोभिड-१९ बाट संक्रमित नगरवासीहरुलाई हालको अवस्थामा केही राहतको अनुभव भए तापनि यसको पूर्णरुपमा निदान भइ नसकेको हुँदा यस वर्षको चाडपर्ब मनाउदा सवै नगरवासीहरुले सतर्कता अपनाइ सुरक्षित तरिकाबाट कोभिड महामारीको रोग फैलिन नदिनका लागि समयमा नै सतर्कता अपनाईदिनुहुन निम्न अनुरोध सहित सम्पूर्ण देवचुली नगरवासी महानुभावहरुमा नगर प्रमुखको तर्फबाट हार्दिक अपिल गर्दछु ।

- दीपावली पर्ब मनाउदा, देउसी भैलो जस्ता सांस्कृतिक पर्वमा जमघट हुँदा देश विदेश/शहरबजारबाट आउनुभएका पाहुनाजनहरुसंग घुलमिलका कारण हाल सुशुप्त अवस्थामा रहेको महामारीले भयावह रुप लिनसक्ने सम्भावना रहेकोले यसबाट जोगिन समयमानै सचेत बनौं ।
- जुवा-तास खेल्ने,मादक पदार्थको सेवन गर्नेजस्ता सामाजिक विकृतिजन्य कार्यहरु नगरौं ।
- घर बाहिर निस्कदा अनिबार्यरुपले माक्सको प्रयोग गरौं ।
- समुदायका दुःखी, गरीव, रोगी, अपांङगता भएका तथा हिंसापिडित व्यक्तिहरुलाई आपसी सद्भाव राखी सम्मान गरौं ।
- बजारमा सामान खरिद-विक्रिका बखत ग्राहकहरुसँग भिडभाड हुन नदिने व्यवस्था मिलाई चाडपर्वको अबसरमा म्याद गुज्रेका सामानहरु बिक्रि-वितरण तथा मुल्य बृद्धि समेतको आशंका निवारण गर्न मालसामानको मुल्यसूचि राख्ने व्यवस्था कायम गरौं ।
- कोभिड महामारीको संभावित जोखिम बाँकी नै रहेकोले सभा-समारोह, चियापान, शुभ-कामना आदानप्रदान, साँस्कृतिक कार्यक्रम जस्ता सामुहिक कार्यक्रमहरु सञ्चालन गर्दा सम्भावित जोखिमलाई मनन गरौं ।
- कोभिड रोगको सम्भावित लक्षण हामी सवैलाई जानकारी भईसकेकोले यस रोगको मिल्दो जुल्दो सम्वन्धित लक्षणहरु देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

भरखरै मात्र कोभिड महामारीबाट केही सुधार भइ राहत पाइएको यस घडीमा समयमा नै सतर्क भइ घर, परिवार, टोल छिमेक, समुदाय हुदै नगरक्षेत्रबाटै रोग लाग्न नदिने उपाय अपनाई आफु पनि बचौं र अरुलाइ पनि बचाऔं, सभ्य नागरिकको कर्तव्य पालना गरौं ।

१७ कार्तिक, २०७८

(पूर्णकुमार श्रेष्ठ)
नगर प्रमुख